# नेपाल राष्ट्र बैंक

## प्रेस समाचार

गभर्नर डा. युवराज खतिवडासँग नेपाल चिया उत्पादक संघ र हिमालय अर्थोडक्स टी प्रोड्युसर्स एसोसिएसनका अध्यक्षहरू क्रमश: विनय गोयल र उदय चापागाईको नेतृत्वमा आएको संयुक्त प्रतिनिधि मण्डलले आज भेट गऱ्यो । भेटमा सिटिसी र अर्थोडक्स चिया उद्योगमा रहेका समस्याका बारेमा अवगत गराउनुका साथै सो उद्योगको संरक्षण र प्रवर्द्धन गर्न ध्यानाकर्षण गराइएको थियो ।



प्रतिनिधि मण्डलले खास गरी चिया उद्योग परम्परागत कृषि प्रणालीमा आधारित, मौसम प्रभावित, कुल उत्पादन लागतको ८० प्रतिशत अंश श्रमशक्तिमा खर्च गर्ने उद्योग भएकाले यसका लागि अन्य उद्योगको जस्तो चर्को व्याजदरयुक्त कर्जा धान्न नसकिने कुरा जानकारी गराएको थियो । यस क्रममा प्रतिनिधिमण्डलले चिया क्षेत्रका लागि Soft loan को अलग्गै रकम छुट्याउन र त्यसको व्याजदर बढीमा ७ प्रतिशत कायम गर्न, CAD मा चिया निर्यात हुँदै आएको र सोको भुक्तानी लिन १२० दिन लाग्ने हुँदा उक्त अवधिको व्याजको मारलाई कम गर्न न्यूनतम व्याजमा निर्यात कर्जाको व्यवस्था गर्न, वाणिज्य बैंकहरुलाई कमभन्दा कम व्याजदरमा चिया क्षेत्रमा कर्जासेवा उपलब्ध गराउने नीतिगत व्यवस्था गर्न, सरकारबाट व्यवस्थित निर्यात Incentive लाई सरलीकरण गरी विदेशी मुद्रा आर्जन गरेको प्रमाणका आधारमा भुक्तानी हुने व्यवस्था गर्न, चिया उद्योगले आवश्यक सामानहरू भारतबाट आयात गर्दा भुक्तानी गर्न र बजार प्रवर्द्धन गर्न भा.रु. अभावलाई दृष्टिगत गरी चिया उद्योगले आर्जन गरेको केही रकम भा.रु.मा पाउने नीतिगत व्यवस्था गर्न लगायतका विषयमा ध्यानाकर्षण गराइएको थियो ।

जवाफमा गभर्नर डा.खतिवडाले सरकारले कृषि क्षेत्रलाई राष्ट्रिय प्राथमिकतामा राखेको जानकारी दिनुहुँदै कृषि अत्यावश्यक तर तुलनात्मक लाभ कम भएको क्षेत्र भएकाले यस क्षेत्रका लागि अनुदान या सहुलियत प्रदान गर्ने भन्ने विषयमा छलफल भइरहेको जानकारी दिनुभयो । उहाँले सरकारबाट सबैलाई अनुदान दिन सम्भव नहुने हुँदा कृषि क्षेत्रमा रहेको जोखिम न्यूनीकरण गरी तुलनात्मक लाभ सिर्जना गर्ने सरकारी नीति हुनुपर्ने धारणा राख्दै बाली चक्र र ऋण भुक्तानी समयबीच सामञ्जस्यता आवश्यक रहेको धारणा राख्नुभएको थियो । नयाँ आर्थिक वर्षदेखि व्याजदरमा केही न्यूनीकरण हुने धारणा राख्दै उहाँले चिया उद्योगको समस्याका न्यूनीकरणका सम्बन्धमा आफ्नो तर्फबाट सक्दो सहयोग हुने आश्वासन दिनुभएको थियो ।

प्रतिनिधिमण्डलमा नेपाल उद्योग वाणिज्य महासंघका पूर्व अध्यक्ष चण्डीराज ढकाल तथा झापा उद्योग वाणिज्य संघका अध्यक्ष टीकाराज ढकाल पनि सहभागी हुनुहुन्थ्यो ।

२०६९ वैशाख १७ गते आइतबार

गभर्नरको कार्यालय